# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(....कर्मचारी प्रशासन........ शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-०७९/०८०
चलानी नं. :-६८९

मिति :-२०७९/०८/२६

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।
(उपत्यका बाहिर मात्र)

विषय: समन्वय गरिदिने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस कार्यालयको स्थापना दिवसको अवसरमा यही २०७९ साल पौष ८ देखि १० सम्म सरकारी वकीलहरुको चौथो राष्ट्रिय सम्मेलन, २०७९ काठमाडौंमा आयोजना गर्न लागेको विदितै छ। उक्त सम्मेलन मितव्ययी रुपमा सम्पन्न गर्नु पर्ने भएकोले सम्बन्धित सरकारी वकीलले देहाय बमोजिम गर्नु हुन निर्देशानुसार अनुरोध छ।

१. मोटर यातायातको पहुँच नभएको जिल्ला बाहेक अन्य जिल्ला तथा उच्च सरकारी वकील कार्यालयहरुले हवाई जहाजको माध्यम प्रयोग नगर्ने ।

२. उच्च तथा जिल्ला सरकारी वकील कार्यालयका कार्यालय प्रमुखहरुले एक आपसमा समन्वय गरी कार्यालयको सवारी साधनमा अट्ने संख्यामा सहभागी हुने सरकारी वकीलहरुलाई सँगै लिई सम्मेलनमा सहभागी हुने व्यवस्था मिलाउने।

३. सरकारी सवारी उपलब्ध नभएको अवस्थामा सहभागीहरुले सार्वजनिक सवारी साधनको प्रयोग गर्ने।

(विश्वास तिमिल्सिना)
सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

CamScanner